# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मिति: २०८३।०१।२४ गते।

## प्रेस विज्ञप्ति

**विषयः प्रतिवादी दल बहादुर घर्तीसमेत रहेको सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरी भ्रष्टाचार गरेको मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन दर्ता गरिएको।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट जिल्ला जाजरकोट, भेरी नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत दल बहादुर घर्ती समेतका प्रतिवादीहरु उपर भेरी नगरपालिकाले आ.व.२०८०/०८१ मा वडा नं ६, ९ र १० को वडा कार्यालय निर्माण योजनामा बदनियतपूर्वक प्रतिस्पर्धा सीमित गरी लक्षित बोलपत्रदातालाई ठेक्का दिनको लागि कानूनी ग्राह्यता, पूर्णता र प्राविधिक मूल्याङ्कनमा एकमात्र बोलपत्रदाता सफल हुने गरी प्रतिस्पर्धालाई सीमित बनाई नेपाल सरकार/सार्वजनिक संस्था/भेरी नगरपालिकाको सम्पत्ति हिनामिना हानिनोक्सानी हुने गरी ठेक्का सम्झौता गरी गराई भ्रष्टाचार गरेकोले भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रु.३६,२०,५७८।१० (छत्तीस लाख बिस हजार पाँच सय अठहत्तर रुपैया दश पैसा) कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना हुन एवं सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले मिति २०८२।१०।०७ को फैसलाबाट सफाई दिएकोले उल्लिखित फैसलाउपर चित्त नबुझी मिति २०८३।०१।२४ गते सम्मानित सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन दर्ता गरिएको छ।

सहायक प्रवक्ता
गणेश बहादुर अधिकारी